# स्थानीय राजपत्र

<table>
<tr><td colspan="3">अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित</td></tr>
<tr><td>खण्ड २</td><td>संख्या १</td><td>मिति ............</td></tr>
<tr><td colspan="3">भाग १<br><br>अर्जुनचौपारी गाउँपालिका<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।</td></tr>
<tr><td colspan="3"></td></tr>
</table>

अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन,

# अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन, २०८१

**प्रस्तावनाः** प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रबर्द्धन गरी सङ्घीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधानको धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम अर्जुनचौपारी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

**परिच्छेद– १**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "स्थानीय शिक्षा ऐन, २०८१" रहेको छ।

(२) यो ऐन अर्जुनचौपारी गाउँपालिका भर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

**(क) "ऐन"** भन्नाले अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

**(ख) "कार्यपालिका"** भन्नाले अर्जुनचौपारी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

**(ग) "कोष"** भन्नाले दफा ४५ बमोजिम विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ।

**(घ) "गाउँपालिका"** भन्नाले अर्जुनचौपारी गाउँपालिकालाई सम्झनुपर्छ ।

**(ङ) "गाउँ सभा"** भन्नाले अर्जुनचौपारी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

**(च) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

**(छ) "बाल शिक्षा केन्द्र"** भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ।

**(ज) "आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने

शिक्षा सम्झनु पर्छ।

(झ) **“माध्यमिक शिक्षा”** भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ञ) **“विद्यालय शिक्षा”** भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(ट) **“प्राविधिक तथा व्यावसायिक शिक्षा”** भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषय वस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ठ) **“सामुदायिक विद्यालय”** भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ड) **“व्यवस्थापन समिति”** भन्नाले दफा १९ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(ढ) **“शिक्षा अधिकृत”** भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ण) **“शिक्षा शाखा”** भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा र शाखा वा ईकाईलाई सम्झनु पर्छ।

(त) **“शैक्षिक गुठी”** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

## परिच्छेद— २

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृति, समायोजन तथा नियमन

**३. विद्यालयको तहः** विद्यालयका तह २ प्रकारका हुनेछन्

(क) माध्यमिक तहः कक्षा १२ सम्म अध्यापन हुने

(ख) आधारभूत तहः कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ, आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र बाल विकास केन्द्र अन्तर्गत वाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डरगार्डेनहरु रहनेछन्।

**४. माध्यमिक शिक्षाको प्रकारः** माध्यमिक तहको शिक्षा देहायका प्रकारका हुनेछन्:—

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा,

**५. शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम भाषा नेपाली, अंग्रेजी, संस्कृत वा मातृ भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः-

(क) आधारभूत (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

**७. विद्यालयको वर्गीकरणः** (१) विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

**८. विद्यालय संचालन गर्न अनुमति लिनुपर्नेः** (१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा शैक्षिक सत्र शुरु हुनु भन्दा ३ महिना अगावै तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले शैक्षिक सत्र शुरु हुनुभन्दा ३० दिन अगावै अनुमति दिन सक्नेछ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ शिक्षा समितिमा राय सहित आवेदन पेश गर्नेछ र माग

बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले पुनः अनुमति तथा स्वीकृति दिनेछ।

(५) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्धारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा (टि-एसइइ) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले अनुमति प्रदान गर्न सक्नेछ। तर अनुमति दिनु अघि परिषदद्धारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नुपर्नेछ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(ग) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालनक बोर्डमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवन कालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका प्रमुख समक्ष आवेदन दिनु पर्ने छ। गाउँ कार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनुपर्ने विषय पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोकिए बमोजिम हुनेछ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन।

(११) यस अघि दर्ता भएका विद्यालय सम्वन्धि व्यवस्थाः (१) माथि जुनसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम संचालन भएका मानिनेछन्। तर यस अघि संचालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नुपर्नेछ।

**९. धरौटी राख्नु पर्नेः** (१) संस्थागत विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछः

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रूपैयाँ,

(ग) प्राथमिक विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ

तर, विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा अति विकट भौगोलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यापालिकाले धरौटी छुट दिन सक्नेछ।

**१०. धरौटी रकम जम्मा गरिनेः** (१) विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम गाउँपालिकाले तोकेको बैंकमा विद्यालयको नाममा मुद्धती खाता खोली जम्मा गर्नुपर्नेछ। यस्तो खाताको सञ्चालन तपसिल बमोजिम हुनेछ।

(क) कक्षा १ देखि ५ सम्म अध्यक्ष र प्रधानाध्यापक संयुक्त दस्तखतबाट

(ख) कक्षा १ देखि ८ सम्म अध्यक्ष र प्रधानाध्यापक संयुक्त दस्तखतबाट

(ग) कक्षा १ देखि १० सम्म लेखा प्रमुख र प्रधानाध्यापक संयुक्त दस्तखतबाट

(घ) कक्षा १ देखि १२ सम्म लेखा प्रमुख र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट हुनेछ।

**११. पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डरः** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन वमोजिम पालना गर्नुपर्ने छ।

**१२. शिक्षा केन्द्रको स्थापना र सञ्चालनः** (१) गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ।

**१३. बाल गृहको संचालनः** (१) गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले बाल गृह संचालन गर्न पाउनेछ। बाल गृह संचालनको लागि आवश्यक प्रक्रिया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

**१४. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** (१) गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय समेत सञ्चालन हुनसक्नेछ।

**१५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः**

(१) गाउँपालिकाले गाउँ शिक्षा समितिको राय लिई तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ। प्राथमिक तहको विद्यालयमा कुल २५ जना भन्दा कम विद्यार्थी भएमा गाउँ शिक्षा समितिको सिफारिसमा बाल शिक्षा केन्द्र मात्र कायम राखी त्यस माथिका कक्षाहरु बन्द गर्न सक्नेछ।

(२) विद्यालयको नाम परिवर्तन गर्नु परेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ।

(४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन तर विद्यालयलाई माध्यमिक तहको हकमा कम्तिमा ५०,००,०००।— (पचास लाख रुपैयाँ मात्र), आधारभूत तहको हकमा कम्तिमा ३०,००,०००। (तीस लाख रुपैयाँ मात्र) रुपैयाँ प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन।

अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन २०७४

## परिच्छेदः ३
## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

**१६. गाउँपालिका शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) अर्जुनचौपारी गाउँपालिका अन्तर्गत सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य -अध्यक्ष

(ख) माध्यामिक तथा आधारभूत तहका विद्यालयका प्राधानाध्यापकहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेका २ जना -सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट गाउँ कार्यपालिकाले मनोनित गरेको १ जना -सदस्य

(घ) शिक्षाविद् तथा शिक्षप्रेमी मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको १ जना -सदस्य

(ङ) दलित, अपाङ्ग, अल्पसंख्यक, तथा शिक्षकका पेशागत समुहहरु मध्येबाट कम्तिमा १ जना महिला सहित गाउँ शिक्षा समितिले मनोनित गरेका ४ जना -सदस्य

(च) शिक्षा शाखा प्रमुख वा गाउँ शिक्षा समितिले तोकेको कर्मचारी -सदस्य सचिव

(२) गाउँ शिक्षा समितिले शैक्षिक कार्यदलका सदस्य, गाउँपालिका उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत तथा आवश्यकतानुसार अन्य विषय विज्ञ तथा व्यक्तिलाई गाउँ शिक्षा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मनोनित सदस्यहरुको पदावधि ३ बर्षको हुनेछ।

(४) गाउँ शिक्षा समितिको बैठक संचालन प्रक्रिया, बैठक तथा सेवा सुविधा गाउँकार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदीय आचरण पुरा नगरेमा गाउँपालिकाले निजलाई जुनसुकै समयमा पनि हटाउन सक्नेछ तर निजलाई हटाउनु अघि स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन।

(६) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने।

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने।

(च) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने।

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्यांकन गर्ने

(झ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने।

(ञ) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड र कारवाही गर्ने गराउने।

(ट) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने।

(ठ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृति र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(ड) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँ पालिकामा पेस गर्ने

(ढ) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

(ण) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने।

(त) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने।

(थ) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागू गर्ने, गराउने।

(द) गाउँपालिका भित्रका विद्यालयहरुमा विषयगत दरबन्दी मिलान गर्ने

(ध) शिक्षक तालिम नीति तर्जुमा गरी लागू गर्ने।

(न) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने।

(प) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने।

(फ) शिक्षामा सवै वालवालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु संचालन गर्ने।

(ब) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने।

**१७. शिक्षा अधिकृत सम्बन्धि व्यवस्थाः** गाउँपालिका अन्तर्गतका शिक्षा सम्वन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शिक्षा अधिकृत रहने छन्। निजको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने

(२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने।

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरीवेक्षण गर्ने, गराउने

(४) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने।

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने।

(६) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने

(७) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१८. वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छः

(क) सम्बन्धित वडाको वडाअध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्ये कार्यपालिकाले तोकेको एक जना - सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट तोकेको एक जना - सदस्य

(घ) विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिले तोकेको एक जना - सदस्य

(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट समितिले तोकेको एक जना - सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव - सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) आफ्नो वडाको शैक्षिक अभिबृद्धिका लागि योजना तर्जुमा र समन्वय गर्ने।

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने।

(ग) अभिभावक र शिक्षकवीच विवाद भएमा त्यसको समाधान गर्ने।

(घ) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने।

(ङ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ।

**१९. विद्यालय व्यवस्थापन समितिः** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना - सदस्य

(ख) विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्य - सदस्य

(ग) मनोनयन गरेको सदस्य विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवि, शिक्षाप्रेमी, विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट महिला सहित दुई जना - सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एक जना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानिकएको सदस्य सो समितिको अध्यक्ष हुनेछ । तर खण्ड (क) बमोजिमका सदस्यहरु मध्ये कोही पनि अध्यक्ष हुन नचाहेमा खण्ड (ख) वा खण्ड (ग) बमोजिम अध्यक्ष चयन गर्न बाधा पर्नेछैन।

(३) वाल क्लवहरुको तर्फबाट १ जना छात्र र १ जना छात्रा आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागिता गराउनु पर्नेछ।

(४) विद्यालय व्यवस्थापन समिति गठन गर्न विद्यालयले तीन पटक सम्म अभिभावक भेला बोलाउदा पनि विवाद उत्पन्न भई विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेको अवस्थामा गाउँ शिक्षा समितिले अध्यक्ष र अन्य सदस्यहरु मनोनित गरी पठाउन सक्नेछ)

(५) प्रत्येक विद्यालयको लेखा सम्वन्धी कामकारबाही अनुगमन गर्न देहाय बमोजिमका पदाधिकारी रहने गरी एक लेखा समिति रहनेछ ।

(क) अभिभावकहरु मध्येबाट एक जना - संयोजक

(ख) अभिभावकहरु मध्येबाट कम्तिमा १ जना महिला सहित २ जना - सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिको मनोनयनमा सम्वन्धीत विद्यालयको लेखा हेर्ने शिक्षक - सदस्य

(६) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मनासिब मौकाबाट वञ्चित गरिने छैन।

अर्जुनधारा गाउँपालिकाको शिक्षा ऐन, २०७५

(७) उपदफा (६) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक तदर्थ विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(८) विद्यालय व्यवस्थापन समितिको बैठक मासिक रुपमा १ वटा अनिवार्य रुपमा बस्नुपर्नेछ र बैठक सम्बन्धी कार्यविधि आफै बनाउन सक्नेछ।

(९) विद्यालयलाई शान्ति क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ।

(१०) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ वातावरण कायम राख्न राजनीतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने।

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।

(छ) गाउँपालिकाबाट स्विकृत दरवन्दीमा कर्मचारी/शिक्षकको व्यवस्थापन गर्नका लागि गाउँ कार्यपालिकामा अनुरोध गर्ने।

(ज) गाउँपालिकाबाट खटिएको शिक्षकलाई हाजिरी गराई काममा लगाउने।

(झ) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने।

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने।

(ठ) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने।

(ड) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने।

(ढ) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(त) लगातार ३ वटा बैठकमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष अनुपस्थित भएमा सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गरी बैठक बस्न सक्नेछ।

(११) गाउँ शिक्षा समितिले आवश्यक देखेमा गाउँपालिकाको सहमतिमा एक भन्दा बढी विद्यालयहरुको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी व्यवस्थापन गर्न सकिनेछ।

(१२) माथि जे व्यवस्था भएतापनि कुनै विद्यालयका प्र.अ ले विद्यालय व्यवस्थापन समितिको म्याद सकिएको १ महिना सम्म अभिभावक भेला नराखेमा गाउँ शिक्षा समितिले तदर्थ विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(१३) दफा १९को (६) उपदफा (१) मा जे व्यवस्था भएतापनि शैक्षिक सत्र सुरु भएको ३० दिन भित्र कम्तीमा ७ दिनको सूचना दिई अभिभावक भेला बोलाई समिति गठन गर्नु पर्ने छ। शैक्षिक सत्रको शुरुवातमानै निर्धारित पदावधि सकिएको मानिने छ।

२०. **शिक्षक अविभावक संघः** (१) सबै विद्यालयमा शिक्षक र अविभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ। यस सम्बन्धी कार्यविधि गाउँ शिक्षा समितिले तय गरे बमोजिम हुनेछ।

अर्जुनचौपारी गाउँपालिकाको शिक्षा नीति २०७

## परिच्छेद ४
## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

**२१. गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्ने:** (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको
दरवन्दी निर्धारणका लागि गाउँ कार्यपालिकाले कार्यपालिका सदस्यको संयोजकत्वमा ३ सदस्यीय दरबन्दी मिलान समिति गठन गर्नेछ। सो समितिको सिफारिस बमोजिम गाउँ शिक्षा समितिले दरबन्दी निर्धारण गर्नेछ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ।

**२२. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता:** (१) शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ।

**२३. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:** (१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले कारबाही लागि गाउँपालिकामा सिफारिस गर्नेछः-

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य कुनैपनि व्यवसायिक क्रियाकलाप गरेमा,

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्य समितिमा रहेको पाइएमा,

(च) निजले अध्यापन गरेको विषयमा ३ बर्षको औषत शैक्षिक उपलब्धी ४०% भन्दा कम भएमा (GPA१.८)

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ तर कार्यरत पदवाट हटाउनु अघि निजलाई मनासिव माफिकको मौका भने प्रदान गरिने छ।

## परिच्छेद ५
## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृत्ति विकास

**२४. शिक्षकको नियुक्तिः** (१) विद्यालयमा कायम भएको रिक्त दरवन्दी शिक्षक पदमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछः

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

(ख) गाउँ शिक्षा समितिले तोकेको विषय विज्ञ दुई जना - सदस्य

(ग) गाउँपालिकाको शिक्षा अधिकृत - सदस्य

(घ) सम्वन्धीत विद्यालयको प्रधानाध्यापक सदस्य-सचिव

(२) विज्ञापन प्रकाशन गर्नुपर्ने

(क) विद्यालय व्यवस्थापन समितिले विद्यालयको आवश्यकतालाई हेरी ७ दिन वा १५ दिनको म्याद राखी विज्ञापन प्रकाशन गर्नेछ।

(ख) शिक्षक छनौटका लागि गरिएको पहिलो विज्ञापनमा अंग्रेजी, गणित, विज्ञान, लेखा, कम्प्युटर, प्राविधिक धारका विषयमा अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवारको दस्तखत नपरेको अवस्थामा अध्यापन अनुमति पत्र नभएका उम्मेदवारहरु मध्येबाट पुनः ३ दिन विज्ञापन गरी छनौट गर्न दरखास्त दिन लगाउन सकिनेछ।

(३) शिक्षक छनौट प्रक्रिया, विज्ञहरुलाई दिईने सेवा सुविधा गाउँ शिक्षा समितिले निर्माण गरेको कार्यविधि अनुसार हुनेछ साथै समितिले लिने परीक्षाको केन्द्र सम्बन्धित विद्यालय, गाउँपालिका भवन वा सदरमुकामको कुनै उपयुक्त स्थानमा रहनेछ।

(४) शिक्षक छनौट समितिले शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम तथा ढाँचा अनुसार लिखित तथा अन्तरवार्ता प्रक्रियाद्धारा वा छनौट समिति आफैले तयार पारेको छनौट प्रक्रियाद्धारा शिक्षक, कर्मचारी छनौट गरी नियुक्तिको लागि विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ।

(५) शिक्षक कर्मचारी छनौट सम्बन्धि कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(६) विज्ञापन प्रकाशन गर्नु पूर्व गाउँपालिका शिक्षा शाखाबाट नियुक्तिको लागि अनुमति लिनु पर्नेछ।

**२५. करार अवधिः** (१) करारमा नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरुको करार अवधि बढीमा १ बर्षको हुनेछ। विद्यालयले प्रथम पटक सम्झौता गर्दा चालु शैक्षिकसत्रको लागि मात्र करार सम्झौता गरी नियुक्ति गर्नुपर्नेछ ।

**२६. करार अवधि थप गर्नेः** (१) करारमा नियुक्त शिक्षक तथा कर्मचारीको कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समितिले शैक्षिक सत्रको अन्तमा अर्को शैक्षिक सत्रका लागि करार सम्झौताको अवधि थप गर्न सक्नेछ र थप गर्नुपूर्व शिक्षा शाखामा जानकारी गराउनु

पर्नेछ। माथि जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका शिक्षा समितिले कार्यसम्पादन कमजोर ठहराएका शिक्षकलाई करार सम्झौताको अवधि थप नगर्न बाधा परेको मानिने छैन।

**२७. करार सम्झौता भंग गर्न सक्नेः** (१) करारमा नियुक्त शिक्षक तथा कर्मचारीको कार्य सम्पादन सन्तोषजनक नदेखिएमा विद्यालय व्यवस्थापन समितिल करार सम्झौताको म्याद थप नगरी कारार सम्झौता भंग गर्न सक्नेछ।

**२८. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) विद्यालयको शैक्षिक, प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछः

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त वा स्नातक उपाधि प्राप्त गरेको माध्यामिक तहको स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ख) आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त वा प्रमाणपत्र तह उपाधि प्राप्त गरेको स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा प्रमाणपत्र तह उपाधि प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ।

(ग) प्रधानाध्यापकमा नियुक्त हुने व्यक्तिले आफ्नो कार्यकालमा सम्पादन गर्ने ५ वर्षे कार्य योजना पेश गर्न लगाउने।

(घ) प्रधानाध्यापक नियुक्ति हुनु पूर्व अनुसूची २ बमोजिमका प्रधानाध्यापक छनौटका आधारहरु अवलम्बन गरी विद्यालय व्यवस्थापन समितिले गाउँ शिक्षा समिति समक्ष प्रधानाध्यापक नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।तर ६० अङ्क प्राप्त नगर्ने उम्मेदवारको प्रधानाध्यापक पदमा नियुक्तिको लागि सिफारिस गरिने छैन।

(ङ) प्रधानाध्यापकको अवधि ५ बर्षको हुनेछ र निज पुनःसो पदमा नियुक्त हुन सक्नेछ तर पदावधि समाप्त भएर पुनःनियुक्ति नभएको अवस्थामा यस ऐन लागू भएकै मितिबाट निज प्रधानाध्यापक पदबाट स्वत पदमुक्त भएको मानिनेछ।

(च) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ।

अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन,२०७९

(छ) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिले हटाउन रिफारिस गर्नेछ। तर एक पटक स्पष्टिकरणको मौका दिइनेछ।

(ज) विद्यालयको कारणले पालिकालाई बारम्बार बेरुजु आएको खण्डमा र निरन्तर बेरुजुको विषयमा दिएका निर्देशन पालना नगरेमा समितिले प्रधानाध्यापकलाई पदबाट हटाउन सक्नेछ।

(झ) प्रधानाध्यापकहरुको कार्यसम्पादन कमजोर देखिएमा, विद्यालयको शैक्षिक अवस्था सुधारोन्मुख नभएको पाइएमा वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले पदबाट हटाई खुल्ला प्रतिस्पर्धाबाट प्रधानाध्यापक छनौट गर्न सक्नेछ।

(ञ) कुनै पनि शिक्षक वा निजको एकाघरको परिवारको सदस्य अर्जुनचौपारी गाउँपालिका भित्र सञ्चालित कुनै निजी विद्यालयमा आंशिक वा पूर्ण लगानी रहेमा वा सञ्चालक समितिको सदस्य भएमा निज सामुदायिक विद्यालयको प्रधानाध्यापक पदमा नियुक्तिका लागि योग्य हुने छैन।

(ट) सामुदायिक विद्यालयको प्रधानाध्यापक हप्तामा कम्तिमा न्यूनतम १६ पिरिएड पढाउनु पर्नेछ।

(ठ) प्रधानाध्यापकले प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन शिक्षा शाखामा पेश गर्नु पर्नेछ।

२९. **शिक्षकको पदस्थापनाः** अर्जुनचौपारी गाउँपालिकामा शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक पदस्थापनको लागि आएमा शिक्षा शाखाले गाउँ शिक्षा समिति सँग समन्वय गरी त्यस्तो शिक्षकलाई रिक्त दरबन्दी रहेको जुनसुकै विद्यालयमा पनि पदस्थापना गर्न सक्नेछ ।शिक्षक सेवा आयोगबाट पदस्थापनको लागि शिक्षक पठाउँदा विस्थापित हुने शिक्षकहरुको सूचि देहाय बमोजिम निर्धारण गरिनेछ।

१. सेवा अवधि (वरिष्ठता) — २० अङ्क जसमध्ये
- १ वर्ष भएको —१० अङ्क
- ३ वर्ष भएको —१५ अङ्क
- ५ वर्ष भन्दा माथि —२० अङ्क

२. कार्य क्षमता विद्यालयको मूल्याङ्कन —३० अङ्क

३. कार्य क्षमता —शिक्षा शाखा र पालिकाको मूल्याङ्कन —५० अङ्क

यसरी निर्धारण गरेको सूचिको आधारमा कम नम्बरको आधारमा विस्थापित हुने सूचि पठाउन पर्नेछ।

३०. **शिक्षकको सरुवाः** (१) समान्यतया स्थायी शिक्षकको हकमा निजले कुनै एक विद्यालयमा अधिकतम ५ वर्ष सेवा गरेपश्चात अर्को विद्यालयमा सरुवा हुनु पर्नेछ। यसरी

सरुवा गर्दा अर्को विद्यालयको छनोट सम्वन्धित शिक्षकको रोजाई र प्राथमिकतामा हुनेछ तर सो विद्यालयमा आफ्नो विषयको दरवन्दी खाली हुनुपर्नेछ।

(२) न्यूनतम २ वर्ष एकै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका दरवन्दी उपलब्ध भएका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा सरुवा गर्न सक्नेछ।

(३) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा वा आषाढ विदा भन्दा पहिले विद्यालयको शिक्षण प्रभावित नहुने गरी मात्र गरिनेछ । विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नीसगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ।

(४) स्थायी शिक्षक नियुक्ति भई पदस्थापना भए पश्चात कम्तिमा पनि १ शैक्षिक सत्रसम्म अर्को विद्यालयमा सरुवा हुनेछैन्। कुनैपनि शिक्षक अन्य पालिकाबाट सरुवा भई आउन चाहेको खण्डमा शिक्षा समितिको स्वीकृति अनिवार्य हुनेछ ।

(५) शिक्षक दरबन्दी मिलानको क्रममा गाउँ शिक्षा समिति वा गाउँ कार्यपालिकाले कुनै पनि विद्यालयको जुनसुकै शिक्षकलाई कुनै पनि बेला एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ।

(६) कुनै शिक्षकबाट आफू कार्यरत रहेको विद्यालयलाई हानी नोक्सानी गरेको देखिएमा वा शिक्षकको पदिय आचरण नदेखिएमा वा कुनै शिक्षकको कारणबाट विद्यालयको शैक्षिक अवस्था खलबलिने अवस्था देखिएमा उक्त शिक्षकलाई वडा शिक्षा समिति वा वि. व्य. स. ले गाउँ शिक्षा समिति वा गाउँ कार्यपालिकालाई सरुवा सिफारिस गर्न सक्नेछ।

(७) कार्यसम्पादन कमजोर रहेका शिक्षकहरुलाई ३ महिना भित्र सुधारको लागि शिक्षा समितिले पत्र काट्न सक्नेछ। ३ महिनाको अवधिमा सुधार नभएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले पालिकाभित्र त्यस्ता शिक्षकहरुलाई जुनसुकै बेला सरुवा गर्न सक्नेछ। कार्यसम्पादन कमजोर भएको हकमा सरुवाको लागि सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको सहमति आवश्यक रहने छैन।

(८) माथि जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाले आवश्यक ठहराएको खण्डमा पालिकाभित्रका विद्यालयमा जुनसुकै शिक्षकलाई काज सरुवा गर्न सक्नेछ।

**३१. दरवन्दी मिलानः** (१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइनेछ।

(३) दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धि कार्य शैक्षिक सत्रको अन्त्यमा गरिनेछ।

**३२. शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः** (१) हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानुन बमोजिम हुनेछ।

**३३. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा परेको मानिने छैन।

**३४. कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेः** शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौंताको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृत कर्मचारीसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ। सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्य पालिकामा पेश गर्नुपर्नेछ ।

**३५. कार्य सम्पादन एवं शिक्षण सीप मूल्याङ्कनः** अर्जुनचौपारी गाउँपालिका भित्रका विद्यालयहरुमा शिक्षकको कार्यदक्षता र शिक्षण सीप मूल्याङ्कनका आधारहरु तपसिल बमोजिमका हुनेछन।

(क) प्रधानाध्यापक बाट २० अङ्क ।

(ख) सहकर्मी शिक्षकहरुबाट १० अङ्क ।

(ग) विधार्थी मूल्याङ्कन २० अङ्क (कम्तिमा प्रत्येक कक्षाका ५ जना विधार्थीहरुको

मूल्याङ्कनको औसत) ।

(घ) अभिभावकहरुबाट १० अङ्क (कम्तिमा ५ जना अभिभावकहरुको मूल्याङ्कनको औसत)

(ङ) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुबाट १० अङ्क (कक्षा अवलोकन गरी औसत) यदि वडा शिक्षा समिति गठन नभएको अवस्थामा वडा कार्यसमितिले आफै मूल्याङ्कन सूचक निर्धारण गरी कार्य सम्पादन गर्न सक्नेछ।

(च) वडा शिक्षा समितिको मूल्याङ्कनबाट १० अङ्क (वडा शिक्षा समितिले कक्षा अवलोकन अभिभावकहरु र विद्यालय व्यवस्थापन समितिको सदस्यहरुको छलफलको आधारमा गरिनेछ) । यदि वडा शिक्षा समिति गठन नभएको अवस्थामा वडा कार्य समितिले आफै मूल्याङ्कन सूचक निर्धारण गरी कार्य सम्पादन गर्न सक्नेछ ।

(छ) शिक्षा शाखा वा गाउँ शिक्षा समितिको मूल्याङ्कनबाट २० अङ्क (शिक्षण सीप अवलोकन र अन्तरवार्ताको आधारमा)।

नोटः- शिक्षक मूल्याङ्कन ढाँचा अनुसूची १ अनुसार हुनेछ।

**३६. पदबाट हटाईनेः**(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाईनेछ।

(क) तोकिएको बमोजिमका पदिय दायित्व पूरा नगरेमा ।

(ख) बिना सूचना लगातार नब्वे दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा ।

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) विद्यार्थीलाई शारीरिक, मानसिक यातना दिने वा यौनजन्य दुव्र्यवहार गरेमा ।

(च) गलत शिक्षण, गलत उत्तरपुस्तिका परिक्षण वा कमजोर कार्य सम्पादन भएमा ।

(छ) लेखापाल, सहायक कर्मचारी र कार्यालय सहयोगीको हकमा पालिकाबाट भएको अनुगमनमा आफ्नो काम प्रति गैर जिम्मेबार र आफ्नो काममा अब्बल नदेखिएमा ।

(ज) प्रधानाध्यापक र लेखापाल दुवैको हकमा विद्यालयबाट विद्यार्थीलाई वितरण हुने छात्रवृति, विद्यालय पोशाक तथा अन्य सहायता तोकिएको समयमा विद्यालयबाट वितरण नगरेमा ।

(झ) यदि कुनै प्रधानाध्यापक शिक्षक, विद्यालय कर्मचारीले पालिकाबाट पठाइएको पत्रको जवाफ र सूचनाको कार्यान्वयन तोकिएको समायावधि भित्र नगरेमा ।

(ञ) प्रधानाध्यापकको हकमा पालिकाले सञ्चालन गर्ने स्तरीकृत परीक्षामा ५० प्रतिशत भन्दा कम विद्यार्थी उतीर्ण भएको खण्डमा र पालिकाको शैक्षिक क्यालेन्डर तथा अन्य निर्देशन समयमा पालना नगरेमा ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ठ प्रमाण प्राप्त भएमा गाउँ शिक्षा समिति वा गाउँ कार्यपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ तर पदबाट हटाउनु अघि मनासिव माफिकको मौका भने प्रदान गरिनेछ।

**३७. पुरस्कार एवं सजायः** (१) शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन एवं शिक्षण सीप मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई सजाय गर्न सकिनेछ।

(२) कार्यसम्पादन एवं शिक्षण सीप, पुरस्कार र सजायको मापदण्ड सम्बन्धि कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) गाउँ शिक्षा समितिले गाउँपालिका स्तरमा संचालन गरेको परीक्षामा सैद्धान्तिक तर्फ औसत उपलव्धी २.८ जि.पि.ए वा सो भन्दा बढी हासिल गर्ने गराउने विषय शिक्षकलाई पुरस्कृत तथा उपलब्धी औसत १.६ भन्दा कम जि.पि.ए.हासिल गर्ने गराउने विषय शिक्षकलाई स्पष्टिकरण तथा चेतावनी दिने गर्न सक्नेछ।

**३८. अदालतको आदेशबाट पुनःबहाली हुन सक्नेः** (१) विभागिय सजाय भई पदबाट हटाईएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र पदमा पुनःबहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनःबहाली भएको शिक्षकले पदबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

**३९. शैक्षिक कार्यदल सम्बन्धी व्यवस्थाः**

**१.शैक्षिक कार्यदल गठनः** अर्जुनचौपारी गाउँपालिका भित्रका विद्यालयहरुका शैक्षिक गतिविधिमा सुधार ल्याउन देहाय बमोजिम एउटा शैक्षिक कार्यदल गठन गरिनेछ ।

(क) गाउँ कार्यपालिकाले शिक्षकहरु वा शिक्षाविदहरु मध्येबाट मनोनित गरेको १ जना - संयोजक

(ख) वडा शिक्षा समितिले मनोनित गरेका प्रत्येक वडाबाट २ जना गरी १२ जना -सदस्य

(ग) गाउँ कार्यपालिकाले शिक्षकहरु मध्येबाट मनोनित गरेका ६ जना सदस्य -सदस्य

(घ) संयोजकले तोकेको सदस्य -सदस्य सचिव

२. शैक्षिक कार्यदलका संयोजक तथा सदस्यहरुको कार्य अवधि २ बर्षको हुनेछ।

३.शैक्षिक कार्यदलको जिम्मेबारीः

(क) शैक्षिक कार्यदलले शिक्षा क्षेत्रमा सुधार ल्याउनका लागि गाउँ कार्यपालिका तथा गाउँ शिक्षा समितिलाई आवश्यक सल्लाह एवं सुझाव पेश गर्ने ।

(ख) गाउँ कार्यपालिकालाई शिक्षा नीति, नियम, कार्यविधि तथा निर्देशिकाहरु तयार गर्न सहयोग गर्ने ।

(ग) स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकहरु तयार पार्न सहयोग गर्ने ।

(घ) भौतिक निर्माण सम्बन्धी कार्यक्रमहरु वितरण कार्यलाई व्यवस्थित गर्न विद्यालयका आवश्यकताहरुलाई प्राथमिकिकरण गरी आफ्नो राय सहित गाउँ कार्यपालिकालाई सिफारिस गर्ने।

(ङ) प्रत्येक शिक्षक एवं विद्यार्थीहरुलाई शैक्षिक कार्य योजना सहितको क्यालेण्डर निर्माण गरी उपलव्ध गराउने ।

(च) गाउँपालिका स्तरमा विद्यार्थीहरुको लागि अतिरिक्त क्रियाकलापहरु संचालन गर्न आवश्यक सहयोग एवं समन्वय गर्ने।

(छ) शिक्षक, विद्यार्थी एवं अभिभावकहरुलाई आवश्यक तालिम, गोष्ठी, सेमिनार सञ्चालन गर्न गाउँपालिका तथा शिक्षा शाखालाई सहयोग गर्ने ।

(ज) विषयगत शिक्षकहरुको सेमिनार आयोजना गरी पाठ्यक्रम, विशिष्टिकरण तालिका, आन्तरिक मूल्याङ्कनका साधनहरु प्रश्नपत्र निर्माण, ग्रेड प्रणाली आदि बारे छलफल गराई आवश्यक नीति, नियम तयार गरी कार्यान्वयन गर्ने/गराउने ।

अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन, २०७९

(झ) गाउँपालिका भित्रका विद्यालयहरुमा संचालन हुने विभिन्न परीक्षाहरुलाई व्यवस्थित गर्ने ।

४. शैक्षिक कार्यदल विघटन गर्न सकिनेः शैक्षिक कार्यदलले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा गाउँ कार्यपालिकाले जुनसुकै बेला उक्त शैक्षिक कार्यदल विघटन गर्न सक्नेछ ।

५. शैक्षिक कार्यदलको सदस्य नरहनेः शैक्षिक कार्यदलको कुनै पनि सदस्यले स्वेच्छिक राजिनामा दिएमा वा कुनै सदस्यको गतिविधि शिक्षा क्षेत्रलाई नोक्सान हुने देखिएमा गाउँकार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै बेला हटाउन सक्नेछ।

अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन, २०८

## परिच्छेद ६

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**४०. परीक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) हरेक शैक्षिक सत्रको अन्त्यमा कक्षा ३, ५ र ८ को वार्षिक परीक्षा अनिवार्य रुपमा गाउँपालिकाबाट सञ्चालन गरिनेछ साथै अन्य कक्षाको परिक्षा पनि आवश्यकता अनुसार त्रैमासीक र अर्धवार्षिक रुपमा गाउँपालिकास्तरीय गर्न सकिनेछ।

(२) गाउँपालिका स्तरीय परीक्षा समिति गठनः

अर्जुनचौपारी गाउँपालिका अन्तर्गत अध्यापनरत कक्षा १—८ सम्मका विद्यार्थीहरुको परीक्षा तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न देहाय बमोजिमको गाउँपालिका परीक्षा समिति गठन गरिनेछ ।

क) गाउँ शिक्षा समितिले तोकेको कर्मचारी वा श्रोत विज्ञ -संयोजक

ख) शैक्षिक कार्यदलका सदस्यहरु -सदस्य

ग) गाउँ शिक्षा समितिले मनोनित गरेको शिक्षक वा कर्मचारी -सदस्य सचिव

(३) गाउँपालिका परीक्षा समितिको जिम्मेवारीः

क) गाउँपालिका स्तरमा कक्षा ३,५ र ८ को परीक्षा सुव्यवस्थित ढंगले सञ्चालन गर्न शिक्षा शाखा तथा गाउँ शिक्षा समितिलाई सहयोग गर्ने ।

ख) अन्य कक्षाका त्रैमासिक र बार्षिक परीक्षाहरु संचालनमा सहयोग गर्ने ।

ग) गाउँपालिका अन्तर्गतका विद्यालयहरुले लिने परीक्षा, उत्तरपुस्तिका परीक्षा, ग्रेड निर्धारण कार्यमा एकरुपता कायम गराउने।

घ) गाउँपालिका स्तरीय परीक्षा सम्बन्धि कार्यहरु प्रश्नपत्र निर्माण, समयतालिका प्रकाशन, परीक्षा संचालन र अनुगमन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन तथा विश्लेषण गर्ने।

ङ) गाउँपालिका स्तरीय परीक्षाको आधारमा विद्यालयगत र विषयगत औषत उपलब्धी निकाली “गाउँ शिक्षा समिति” वा गाउँ कार्यपालिकामा पेश गर्ने ।

(४) गाउँपालिका परीक्षा समितिको कुनै पनि सदस्यले परीक्षाको मर्यादा विपरित कार्य गरे/गराएमा उक्त व्यक्तिलाई गाउँपालिका परीक्षा समितिबाट हटाउन सकिनेछ।

(५) विद्यालयका शिक्षकहरुलाई गाउँपालिकाले आवश्यकतानुसार विद्यालय अनुगमन, केन्द्राध्यक्ष लगायतका विभिन्न काममा खटाईएको खण्डमा आवश्यकता अनुसार थप सेवा सुविधा प्रदान गर्न सक्नेछ।

अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन, २०७९

**४१. विषय विज्ञ सूचिकृत गर्ने सम्बन्धी व्यवस्थाः**(१) करार शिक्षक तथा कर्मचारी छनौटको लागि विषय विज्ञको रुपमा सूचिकृत हुन निम्नानुसारको योग्यता पुगेको शिक्षक हुनुपर्नेछ।

(क) मा.वि. तहको शिक्षक छनौट गर्न सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तिर्ण वा स्नातक तह उत्तिर्ण गरी कम्तिमा २ बर्षको मा.वि.तहमा शिक्षण अनुभव गरेको शिक्षक।

(ख) आधारभूत तहको शिक्षक वा कर्मचारी छनौट गर्न सम्बन्धित विषयका कुनै पनि विषयमा स्नातक तह उत्तिर्ण गरी कम्तिमा पनि २ बर्षको शिक्षण अनुभव प्राप्त गरेको शिक्षक।

२. गाउँ शिक्षा समितिले विषय विज्ञ सूचिकृत गर्न विज्ञापन प्रकाशन गर्नेछ

३. विषय विज्ञ सूचिकृत गर्ने सम्वन्धि कार्यविधि गाउँशिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. एक पटक विषय विज्ञको सूचिमा परेको व्यक्तिको वैद्यता ४ वर्ष सम्म कायम रहनेछ ।

अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन, २०८

## परिच्छेद ७
## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

४२. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ।

४३. **विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले आफूले प्रयोग गर्न वा विद्यालयको अन्य काममा प्रयोगमा नआउने भएमा बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघसंस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

४४. **सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः** (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ। सो विद्यालय खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले भोग चलन गर्न सक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको रहने छ।

(४) गाउँपालिकाले थप पाठ्यपुस्तक वा पाठ्यसामाग्री विद्यालयमा लागू गर्न मनासिप देखिएमा गाउँ शिक्षा समितिको राय लिई लागू गर्न सक्नेछ।

४५. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँ शिक्षा समितिमा माग गर्नुपर्नेछ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ। यसको लागि पाठ्यपुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागु गर्न सक्नेछ ।

(६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ।

४६. **अतिरिक्त शैक्षिक कयाकलापः** (१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामूखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद ८

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन र नियमन

४७. अनुमति लिनु पर्नेः (१) संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृती लिनु पर्नेछ।

४८. **संस्थागत विद्यालयको व्यवस्थापन समितिः (१)** संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा गाउँपालिकाले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट कम्तीमा एक महिला सहित दुई जना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरु मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित एक जना - सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्रोत ब्यक्ति - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एक जना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।त्यस्तो अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

४९. **संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने

(घ) प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(ङ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,

(च) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(छ) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकावाट जारी शिक्षाक्षेत्रसँग सम्बन्धित सवै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५०. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ। छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ।

(२) दफा(१)बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु अघि विद्यालयले त्यस्तो छात्रवृत्तिको लागि निवेदन दिन सूचना प्रकाशन गर्नुपर्नेछ र सोको जानकारी गाउँपालिकालाई दिनुपर्नेछ।

(३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ।

**५१. शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्नेः** (१) गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ।

**५२. अनुगमन तथा मूल्याङ्कनः** (१) संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ। यस्तो निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको दायित्व हुनेछ।

**५३. अनुमति वा स्वीकृति रद्द गर्नेः** (१) कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद ९

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

**५४. विद्यालय कोषको व्यवस्थाः** प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः—

(१) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(२) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(३) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(४) अन्य स्रोतबाट प्राप्त रकम ।

**५५. अनुदानको व्यवस्थाः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ।

(२) गाउँपालिकाले बाल विकास केन्द्र/सामुदायिक सिकाई केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ।

**५६. बजेट तयार गर्नेः** (१) प्रधानाध्यापकले प्रत्येक वर्षको चैत्र मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ।

**५७. लेखा व्यवस्थापनः** (१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ।

(२) नियमित कारोबारको लेखा राख्न वेग्लै ब्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ।

**५८. सामुदायिक विद्यालयको खाता संचालनः** (१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ।

(२) विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ।

**५९. लेखा परीक्षण तथा सामाजिक परीक्षणः** (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिस्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(३) गाउँ शिक्षा समितिले लेखापरीक्षकहरु सँग समन्वय गरी लेखापरीक्षण शुल्क निर्धारण गर्नेछ।

(४) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको शैक्षिक उपलब्धी, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ।

(५) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ।

**६०. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** (१) गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

**६१. शुल्क सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइने छ ।

(६) कुनै पनि विद्यालयको निजी स्रोतबाट कर्मचारी छनौट गर्दा, तलब भत्ता उपलब्ध गराउँदा तथा अन्य शिक्षक कर्मचारीहरुलाइ थप सेवा सुविधा उपलब्ध गराउनुपर्ने भएमा पालिकाबाट अनुमति लिनुपर्नेछ ।

(७) विद्यालयले विद्यार्थीबाट प्रमाणपत्र स्वरुप लिने दस्तुर कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

(८) विद्यालयले विधार्थीसँग जर्सी, पाठ्यपुस्तक, ल्याब लगायत अन्य कुनैपनि शीर्षकमा अतिरिक्त शुल्क लिन पाउने छैन।

(९) विद्यार्थीलाई आर्थिक भार पर्नेगरी विद्यालयले अनिरिक्त कक्षा सञ्चालन गर्ने भएमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिले कक्षा सञ्चालनका लागि अनुमति दिनुपर्नेछ।

(१०) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले १ लाख देखि ३ लाख सम्म जरिवाना गर्न सक्नेछन।

६२. **विद्यालयलाई छुट र सुविधाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ।

६३. **विद्यालय तथा कक्षा समायोजन सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या न्यून तथा कुनै कक्षामा विद्यार्थी संख्या न्यून देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले त्यस्तो विद्यालय तथा कक्षा नजिकैको अर्को विद्यालयमा समायोजन गर्न सक्नेछ।

(२) यसरी विद्यालय समायोजन भएको अवस्थामा उक्त विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुलाई गाउँ शिक्षा समितिले कुनै पनि विद्यालयमा कामकाजको लागि खटाउन सक्नेछ।

(३) विद्यालयमा कुनै कक्षा संचालन नभएको वा कुनै कक्षा अर्को विद्यालयमा समायोजित भएको अवस्थामा गाउँ शिक्षा समितिले उक्त विद्यालयबाट कुनै शिक्षक कर्मचारीलाई अर्को विद्यालयमा कामकाजको लागि सरुवा गर्न सक्नेछ।

(४) विद्यालयमा संचालन नभएको कक्षा पुनः अर्को बर्ष संचालन हुने अवस्था आएमा अर्को विद्यालयमा कामकाजको लागि खटाईएको शिक्षक कर्मचारीलाई सोही विद्यालयमानै फिर्ता ल्याउने व्यवस्था गाउँ शिक्षा समितिले गर्नेछ।

(५) कुनै विद्यालय अर्को विद्यालयमा समायोजित भएको खण्डमा सो विद्यालयको सवै सम्पति गाउँपालिकाको स्वामित्वमा रहने छ साथै विद्यालयमा रहेको अचल सम्पति गाउँपालिकाले अन्य कुनै प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ।

(६) विद्यालय वा कुनै कक्षा अर्को विद्यालयमा समायोजन सम्वन्धि कार्यविधि गाउँ कार्यपालिकाले तयार गरी लागू गर्न सक्नेछ।

## परिच्छेदः १०
## विविध

**६४. गाउँपालिकाले निर्देशन दिन सक्नेः** (१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**६५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा ट्युशन , कोचिङ वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**६६. अतिरिक्त कक्षा सञ्चालन सम्वन्धि व्यवस्थाः** (१) विद्यालयको शिक्षकले विद्यालय संचालन अवधि सम्म ट्युशन वा कोचिङ्ग कक्षा संचालन गर्न पाउने छैन । गाउँपालिकाले विद्यार्थीहरुको बृहत्तर हितलाई ध्यानमा राखि अतिरिक्त कक्षा संचालनको लागि विद्यालयलाई रकम उपलव्ध गराउन सक्नेछ।

**६७. प्रगति विवरण बुझाउनु पर्नेः** (१) संस्थागत विद्यालयले प्रत्येक वर्ष शैक्षिक सत्र समाप्त भएको ३ महिना भित्र तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ पालिका कार्यालयमा बुझाउनु पर्नेछ।

**६८. अर्जुनचौपारी गाउँपालिका शिक्षा विकास कोषः (१)** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विपन्न, प्राकृतिक प्रकोप पीडित र असहाय, अनाथ बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ।

(२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछः

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन गाउँपालिकाको प्रमुख, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको ३ सदस्यीय समितिबाट हुनेछ ।

**६९. शिक्षण सीप परीक्षण सम्बन्धी व्यवस्थाः** (१) अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुको प्रत्येक ३/३ वर्षमा शिक्षण सीप परिक्षण गरिनेछ।

(२) अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत अस्थायी (करार) शिक्षकहरुको प्रत्येक २/२ वर्षमा शिक्षण सीप परिक्षण गरिनेछ।

(३) अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत स्थायी र अस्थायी (करार) शिक्षकहरुलाई शिक्षण सीप परिक्षण नतिजा सुधारका लागि २ र २ पटक अवसर दिईनेछ।

(४) **शिक्षण सीप परीक्षण समितिको गठनः**

(क) गाउँ शिक्षा समितिको अध्यक्ष —अध्यक्ष

(ख) शिक्षा शाखाको प्रतिनिधि — सदस्य

(ग) गाउँ शिक्षा समितिले तोकेको दुई जना विज्ञ — सदस्य

(घ) सामुदायिक विद्यालयका प्र.अ.हरु मध्येबाट एक जना — सदस्य

(५) **शिक्षण सीप परीक्षणका आधारहरुः**

(क) कक्षाकोठाको पकड

(ख) दैनिक पाठयोजना

(ग) विषयवस्तु प्रस्तुतिकरण

(घ) विद्यार्थी सन्तुष्टि

(ङ) वार्षिक परीक्षाको नतीजा

(च) प्रविधिको ज्ञान

(छ) भाषाको ज्ञान

(६) **शिक्षण सीप परीक्षणको नतिजा तीन तहको हुनेछः—**

(क) उच्च स्तर

(ख) मध्यम स्तर

(ग) निम्न स्तर

(७) निम्न स्तरको शिक्षण सीप परिक्षण भएको अवस्थामा सम्बन्धित शिक्षकलाई ३ महिनाको समय दिई नतिजा सुधारका लागि अवसर हुनेछ ।

(८) मध्यम स्तरको शिक्षण सीप परिक्षण भएको अवश्थामा सम्बन्धित शिक्षकलाई ३ महिनाको समय दिई नतिजा सुधारका लागि अवसर हुनेछ ।

(९) अस्थायी शिक्षकको हकमा तोकिएको समयसीमा भित्र नतीजा सुधार नभएमा स्वतः निलम्बन गर्न सकिनेछ।

(१०) स्थायी शिक्षकको हकमा तोकिएको समयसीमा भित्र नतीजा सुधार नभएमा सरुवा तथा ग्रेड रोक्का सम्मको कारवाही गरिनेछ ।

**७०. दण्ड सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछः-

(क) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवार पूर्ण कार्यगरेमा,

(ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(घ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(च) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि स्वतःनिलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ ।

(४) ऐनको दफा २८ को (६) (ज) र (झ) बमोजिमको स्थिति विधमान देखिएमा गाउँ शिक्षा समितिले सम्बन्धित शिक्षकलाई सरुवा वा दण्ड सजाय गर्न सक्नेछ।

**७१. उजुरी र पुनरावेदनः** (१) यस ऐन बमोजिम तोकिएको अधिकारीले गरेका कारबाही उपर चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा पदाधिकारीले गाउँ कार्यपालिकामा उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँ कार्यपालिकाको निर्णय चित्त नबुझेमा कानून बमोजिम पुनरावेदन दिन सकिनेछ।

**७२. नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम/कार्यविधि वा निर्देशिका बनाई कार्यान्वयन गर्न सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

**७३. संक्रमणकालीन व्यवस्थाः** (१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**७४. बाधा अड्काउ फुकाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने निर्णय गरी

अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन, २०७८

स्थानीय राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचनालाई यसै ऐनको अङ्ग मानिनेछ।

**७५. खारेजी र बचाउः** (१) अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन, २०७४ खारेज गरिएको छ।

(२) अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन, २०७४ को ऐन बमोजिम भए गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन, २०८१

अनुसूची-१

## कार्यसम्पादन एवं शिक्षण सिप मूल्याङ्कनका आधारहरु

| मूल्याङ्कनका आधारहरु | शिक्षकको नाम, थर | विषय | प्र.अ. | सहकर्मी | विधार्थी मूल्याङ्कन | अभिभावक मूल्याङ्कन | विद्यालय व्यवस्थापन समितिबाट | वडा शिक्षा समितिबाट | शिक्षा शाखा/गाउँ शिक्षा समिति मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २० अङ्क | १० अङ्क | २० अङ्क | १० अङ्क | १० अङ्क | १० अङ्क | २० अङ्क |
| १. विद्यालयमा शिक्षकको उपस्थिति | | | २ | १ | २ | १ | १ | १ | २ |
| २. विद्यालयको पेशाकको नियमितता | | | २ | १ | २ | १ | १ | १ | २ |
| ३. विषय बस्तुको ज्ञान | | | २ | १ | २ | १ | १ | १ | २ |
| ४. शिक्षण पेश प्रति निष्ठा र नियमको पालना | | | २ | १ | २ | १ | १ | १ | २ |
| ५. विद्यालयको कियाकलापमा संलग्नता | | | २ | १ | २ | १ | १ | १ | २ |
| ६. शैक्षिक सामाग्रीको निर्माण र प्रयोग | | | २ | १ | २ | १ | १ | १ | २ |
| ७. विद्यार्थी, शिक्षक, अभिभावक सँगको सम्वन्ध | | | २ | १ | २ | १ | १ | १ | २ |
| ८. शैक्षिक गुणस्तर वृद्धि गर्न खेलेको भूमिका | | | २ | १ | २ | १ | १ | १ | २ |
| ९. उत्तरदायित्व, जिम्मेवारी र मिलनसारिता | | | २ | १ | २ | १ | १ | १ | २ |
| १०. अध्यापन विताउने समय र सीप, दक्षता | | | २ | १ | २ | १ | १ | १ | २ |

अनुसूची-२

## प्रधानाध्यापक छनौटका आधारहरु

| **छनौटका आधारहरु** | अङ्क |
|---|---|
| १. शैक्षिक योग्यता | |
| (क) न्यूनतम शैक्षिक योग्यता | १५ |
| (ख) माथिल्लो शैक्षिक योग्यता | ५ |
| २. शिक्षण अनुभव | २० |
| ३. तालिम | |
| (क) शैक्षिक तालिम | १० |
| (ख) विद्यालय व्यवस्थापन तालिम | ५ |
| ४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा | १० |
| ५. विद्यालय विकास प्रस्ताव | |
| (क) विद्यालय विकास प्रस्ताव | १० |
| (ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतिकरण | ५ |
| ६. नेतृत्व लिने क्षमता | |
| (क) शिक्षा शाखाको मूल्याङ्कनबाट | ५ |
| (ख) व्यवस्थापन समितिको मूल्याङ्कबाट | १० |
| (ग) सम्वन्धित विद्यालयका शिक्षकहरुको मूल्याङ्कन | ५ |
| **जम्मा** | **१००** |

अर्जुनचौपारी गाउँपालिकाको शिक्षा ऐन, २०८१

प्रमाणिकरण मिति २०८१/०९/०९

प्रकाश तिवारी

अध्यक्ष